## खण्ड २

## आ.व. २०७३।०७४ को समिक्षा

### २.१ साविकको स्थानीय निकायबाट सम्पन्न कार्यक्रमको समिक्षा

२.१.१ यस नगरपालिकालाई आ.व. २०७३।०७४ मा निम्न क्षेत्रगत कार्यक्रमहरुमा बजेट व्यवस्था गरिएको थियो । जसमा कुल आय रु. १७ करोड ५० लाख ३१ हजार र चालु खर्च तर्फ रु. १ करोड ३४ लाख ३१ हजार, पूजिगत खर्च तर्फ रु. ८ करोड १७ लाख ९६ हजार, दैविक प्रकोप कोष तर्फ रु. ३ लाख, गरिवी निर्वारण कोष तर्फ ३६ लाख ७८ हजार, महिला तथा बालबालिका कोष तर्फ रु. ६१ लाख ३१ हजार, मर्मत संभार विशेष कोष तर्फ रु. ५० लाख ९ हजार, वातावरण विशेष कोष तर्फ रु.५ लाख ४० हजार, सामाजिक सुरक्षा भत्ता तर्फ रु. ४ करोड २४ लाख १६ हजार, स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम तर्फ रु.१८ लाख ८४ हजार, राष्ट्रिय योजना आयोग तर्फ रु. २ लाख ११ हजार र धरौटी फिर्ता रु. ४३ लाख २९ हजार खर्च गरिएको छ । र बाँकी मौज्याद रु. १ करोड ५३ लाख ५ हजार आ.व. २०७४।०७५ मा जिम्मेवारी सारिएको छ । यस अवधिमा कार्यालयले रोलर मेशीन १ थान, सक्शन मेशीन १ थान, फोटोकपी (कोनिका कम्पनी) मेशीन १ थान र कन्टेजेन्सी रकमबाट प्लेटीना मोटरसाइकल थान १ खरिद गर्ने काम भएको छ । पूजिगत बजेटतर्फ आ.व. २०७३।०७४ मा नेपाल सरकारबाट सौर्य सडकबत्ती जडानको लागि रु. ५२ लाख ११ हजार, बजेट प्राप्त भएकोमा सो आ.व. मा उक्त कार्य सम्पन्न गर्न नसकिएको र यस आ.व. मा कार्य सम्पन्न गरी भुक्तानी दिने व्यवस्था गरिएको छ । साथै यस कार्यालयलाई संघीय संरचना विकास कार्यक्रम तर्फ रु.१ करोड प्राप्त भएकोमा रु. ४० लाख खर्च गरिएको छ ।

**सामाजिक सुरक्षा भत्ता तर्फः**

जेष्ठ नागरिक १२०० जनालाई १ हजारका दरले, जेष्ठ नागरिक दलित ३५ जना १ हजारका दरले, विधुवा ८२९ जना १ हजारका दरले, पूर्ण अपाङ्ग ५७ जना २ हजारका दरले, अतिअशक्त ४५ जना ६ सयका दरले, दलित बालबालिका ७७ जना ४ सयका दरले र उपचार खर्च १२४८ जना १ हजारका दरले भुक्तानी गरिएको छ ।

### २.२ विषयगत निकायहरु हस्तान्तरण हुनु पूर्व सम्पन्न कार्यक्रमको समिक्षा ।

यस नगरपालिकामा (स्थानीय तह) कुनै पनि विषयगत निकायहरु हस्तान्तरण भएका छैनन् ।

### २.३ स्थानीय तह गठन पश्चात सम्पन्न कार्यक्रमको समिक्षा

यस निजगढ नगरपालिकामा साविक बमोजिमको स्थानीय निकाय रहेको हुँदा सम्पन्न भएका कार्यक्रमको विवरण २.१ मा समावेश गरिएको छ ।

### २.४ गैर सरकारी संस्थाबाट सम्पन्न कार्यक्रमको समिक्षा

यस नगरपालिकासँग गैर सरकारी संस्थाबाट समन्वय गरी कुनै कार्यक्रम संचालन भएको छैन ।